आज मिति २०७९ फागुन २८ गते आइतबारका दिन बागचौर नगर कार्यपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | |
|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख |
| श्री सुम्निमा डि.सि. वली | उप-प्रमुख |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष |
| श्री केश बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य |
| श्री रीता दमाई | कार्यपालिका सदस्य |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत   सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री तिर्थराज डाँगी | सूचना प्रविधि अधिकृत |

CamScanner

**कार्यपालिका बैठक नं. ८ मिति २०७९।११।२८ ( आ.व. २०७९।०८०)**

**प्रस्तावहरुः**

१) नगर सभा सम्बन्धमा ( रकमान्तर, शिर्षकान्तर सम्बन्धमा )
२) नगर प्रहरी विधेयक, २०७९ सम्बन्धमा ।
३) समावेशि तथा मुल प्रवाहिकरण निर्देशिका २०७९ सम्बन्धमा ( सशर्त कार्यक्रम अन्तरगत)
४) खाद्य सुरक्षा तथा बहुक्षेत्रिय पोषण सम्बन्धी निर्देशिका, २०७९ ( सशर्त कार्यक्रम अन्तरगत)
५) नगर प्रवक्ता सम्बन्धी कार्यविधि २०७९ सम्बन्धमा ।
६) वडा कार्यालय भवनको लागि केन्द्र निर्धारण सम्बन्धमा ।
७) कक्षा ५ को परीक्षा सम्बन्धमा ।
८) कक्षा ८ को आधारभुत तह उतिर्ण परीक्षा कार्यविधि, २०७९ ।
९) विविध सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १ः** नगर सभा सम्बन्धमा छलफल हुदा मिति २०७९ फागुन २९ गते हुने नगर सभामा तपसिल बमोजिमका आयोजनाहरु रकमान्तर शिर्षकान्तर गरी सभामा पेश गर्ने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २**: नगर प्रहरी विधेयक,२०७९ सम्बन्धमा छलफल हुदाँ नगर प्रहरी विधेयक, २०७९ पारितको लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**: समावेशि तथा मुल प्रवाहिकरण निर्देशिका २०७९ सम्बन्धमा छलफल हँदा संघीय सरकारबाट विशेष अनुदानको रुपमा हस्तान्तरित समावेशि तथा मुल प्रवाहिकरण सम्बन्धि कार्यक्रम कार्यान्वयनका लागि समावेशि तथा मुल प्रवाहिकरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**: खाद्य सुरक्षा तथा बहुक्षेत्रिय पोषण सम्बन्धी निर्देशिका, २०७९ सम्बन्धमा छलफल हुदा संघीय सरकारबाट विशेष अनुदानको रुपमा हस्तान्तरित खाद्य सुरक्षा तथा पोषण सम्बन्धि कार्यक्रम कार्यान्वयनको लागि खाद्य सुरक्षा तथा बहुक्षेत्रिय पोषण कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५**: नगर प्रवक्ता सम्बन्धी कार्यविधि २०७९ सम्बन्धमा छलफल हुँदा बागचौर नगरपालिका नगर प्रवक्ता सम्बन्धि कार्यविधि, २०७९ पारितको लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**: बागचौर नगरपालिकाका विभिन्न वडाहरुको केन्द्र निर्धारण सम्बन्धमा छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५ को उपदफा ३ बमोजिम तपसिल बमोजिमका वडाहरुबाट प्राप्त सिफारिसका आधारमा वडाको केन्द्र निर्धारणका लागि नगर सभासमक्ष पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | वडा नं. | प्रस्तावित केन्द्र | सिफारिस मिति | कैफियत |
|---|---|---|---|---|
| १ | १ | पनेरीखोला | २०७९।११।२८ | |
| २ | २ | खरिबोट | २०७९।११।२८ | |
| ३ | ५ | बाङ्गेलाखुरी | २०७९।११।२८ | |
| ४ | ७ | टाट्के | २०७९।११।२८ | |
| ५ | ९ | खोरबारे | २०७९।११।२८ | |
| ६ | १० | पिपलनेटा | २०७९।११।२६ | |

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७:** बागचौर नगरपालिकाको शिक्षा ऐन (पहिलो संशोधन), २०७९ बमोजिम कक्षा ५ को अन्तिम परीक्षा वडा स्तरीय हुने व्यवस्था भएकोमा मिति २०७९ को कक्षा ५ को अन्तिम परीक्षाको परीक्षा मिति तोकिदाको दिनसम्म वडा शिक्षा समिति गठन भैनसकेकोले चालु शैक्षिक सत्रमा उक्त परीक्षा सम्भव भएसम्म वडा स्तरीय गर्ने अन्यथा विद्यालय स्तरीय गर्न सहमती प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८:** कक्षा ८ को आधारभुत तह उतिर्ण परीक्षा कार्यविधि, २०७९ सम्बन्धमा कक्षा ८ को आधारभुत तह उतिर्ण परीक्षा कार्यविधि, २०७९ सर्वसम्मत पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** क्यान्सर पिडित (उपचाररत), मेरुदण्ड पक्षघात, मृगौला पिडित(नियमित डाइलाइसिस गर्नु पर्ने), दुबै मृगौला प्रत्यारोपन भएको व्यक्तिहरुको लागि प्रदान गरिने भत्ता बागचौर नगरपालिकाको आन्तरिक श्रोत (रातो किताबको खर्च शिर्षक नं. २८९११ भैपरी आउने चालु खर्च शिर्षक) बाट वितरण गरि सो को सोध भर्नाको लागि स्वास्थ्य मन्त्रालयमा माग गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०:** रोजगार प्रवर्द्दन कार्यक्रम २०७९।०८० को बजेट उप शिर्षक नं. ८०१०६१११ LMBIS क्रियाकलाप नं. २.७.२५.३८ बैदेशिक रोजगारी सम्बन्धि स्थानियतहको प्रोफाइल निर्माण शिर्षकमा रकम रु ४ लाख विनियोजित भएकोले बागचौर नगरपालिकाको आप्रवासन पाश्व चित्र निर्माण(वैदेशिक रोजगार सम्बन्धि तथ्याङ्क संकलन) लगातका क्रियाकलाप सञ्चालन गर्नका लागि स्थानीय तहको रोजगार (आन्तरिक र वैदेशिक) पार्श्वचित्र तयारी दिग्दर्शन, २०७९ स्विकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो । उक्त दिग्दर्शनको अनुसुची ५ बमोजिम कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.स. | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | गणकहरुको लागि पारिश्रमिक (प्रत्येक वडामा १ जना १ महिनाको लागि) | जना | १५ | १ घरधुरी रु.६० | ३००००० |
| २ | गणकहरुलाई २ दिने तालिम | पटक | १ | ९०००० | ९०००० |
| ३ | तथ्यांक विश्लेषण तथा पार्श्वचित्र लेखन | दिन | १० | ४०० | ४००० |
| ४ | पार्श्वचित्र प्रकाशन | संख्या | २० | ३०० | ६००० |
| | **कुल बजेट** | | | | **४०००००** |

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं.११**ः बागचौर नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र थारमारेलाई आधारभुत दश सैयाको अस्पतालमा स्तरवृद्दिको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट स्वीकृती भैसकेको र उक्त अस्पताललाई आवश्यक पर्ने जग्गा पनि हाल नगरपालिकाको नाममा प्राप्त भईसकेकोले दश सैयाको आधारभुत अस्पताल निर्माणको लागि योजना तथा बजेट बिनियोजन गरिदिन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाह पथ काठमाण्डौंलाई अनुरोध गर्ने र उक्त आधारभुत अस्पतालको डि पि आर निर्माण प्रक्रियालाई अगाडी बढाउने निर्णय गरियो । साथै १० सैयाको आधारभुत अस्पताल निर्माणको लागि आवश्यक पर्ने बजेट बिनियोजनको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाह पथ काठमाण्डौंलाई सिफारिस गरिदिन जिल्ला समन्वय समिति सल्यानलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**ः नगर स्तरीय अनुगमण समितिबाट योजना अनुगमणको सिलसिलामा वडा नं. १० का तपसिल बमोजिमका आयोजनाहरुमा देखिएका प्राविधिक समस्याका सम्बन्धमा नगर कार्यपालिकालाई जानकारी गराएकोले आगामी दिनहरुमा आयोजना सञ्चालन गर्दा यस्ता कमि कमजोरी हुन नदिन तथा अनुगमणलाई थप प्रभावकारी बनाउनुका साथै प्राविधिकको कार्य स्वीकार प्रतिवेदन र योजनाहरुको अनुगमण समितिको प्रतिवेदनका आधारमा भुक्तानीका लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | वडा नं. | प्राविधिक अवस्था | कै |
|---|---|---|---|---|
| १ | भाटभिटे देखि माथिल्लो मोख्ला जोड्ने सडक निर्माण | वडा नं.१० | योजनाको शिर्षकमा भाटभिटे देखि माथिल्लो मोख्ला जोड्ने सडक भएकोमा निर्माण कार्य हुदा माथिल्लो मोख्ला देखि कार्य सुरु भइ सम्पन्न भएको । | |

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत